नेपालमा डिजिटल अधिकारको अवस्था: एक समीक्षा

मिडिया अनुगमन प्रतिवेदन
२०२२

Body & Data

नेपालमा डिजिटल अधिकारको अवस्था: एक समीक्षा

बडी एण्ड डाटा, २०२३
लेखन र सम्पादन: रिता बरामु
चित्रकला: सिल्भी शेर्पा मानन्धर
लेआउट: नेहा गौचन र शाम्भवी पौडेल

प्रकाशन: बडी एण्ड डाटा
सहयोग: भिजन फर चेन्ज
© सम्पूर्ण अधिकार बडी एण्ड डाटासंग सुरक्षित

https://bodyanddata.org/

@bodyanddata

Body & Data

नेपाली मिडियामा डिजिटल अधिकारको समिक्षात्मक अवस्था

नेपाली मिडियामा बर्ष भरि डिजिटल अधिकार सम्बन्धि कस्ता बिषयबस्तु, संदेश र प्रवृत्ति प्राथमिकतामा परे अनि प्रविधी र इन्टरनेटसंग सम्बन्धित हाम्रो मानवाधिकारको स्वरुप कस्तो देखिन्छ भन्ने छलफल र बहस पस्किनका लागि हामीले गत बर्ष देखि यस समिक्षात्मक प्रतिवेदनको थालनी गरेका हौँ ।

यस वार्षिक मिडिया अनुगमन प्रतिवेदन सन् २०२२ मा (अनुसूची १मा उल्लिखित) मिडियाहरुको अनुगमनबाट आएको समाचारहरुलाई (अनुसूची २ मा) उल्लिखित बिधि अपनाई हाम्रो मिडिया अध्ययन विश्लेषण प्रस्तुत गर्दछौं ।

डिजिटलाइजेसनका पहल, अनुभव र असरहरु

बर्ष २०२२ भरी नेपाल सरकार र नीजि क्षेत्रबाट डिजिटल प्रविधि र इन्टरनेटको पहुँच तथा प्रयोगलाई बढावा दिने प्रशस्त कार्यक्रम र अभियानहरु संचालन भए । जसमा डिजिटल पूर्वाधार बिकास, यसमा गरिएको लगानी, नीजि क्षेत्रको भूमिका, लगायतको बहस र राष्ट्रिय परिचय पत्र सम्बन्धि जानकारी, किसान परिचयपत्र तथा निशुल्क ई सिमको वितरण, एमडीएमएस, इम्बोसड नम्बर प्लेटको डिजाइन, इन्टरनेट जडानको गति द्रुत हुदै गएको, नागरिक सेवा केन्द्रको अवधारणा जस्ता समाचारहरु समाबेश छन् । सरकारले यस बर्ष इन्टरनेट सुशासन सम्बन्धित कानुनहरु जस्तै विद्युतीय सुशासन आयोगको अवधारणा, बिज्ञापनको नियमन गर्ने क्लिन फिड पोलिसी, तथ्यांक बिभाग प्रधानमन्त्री कार्यालय मातहत राख्ने गरी तथ्यांक बिधेयक पास गरेको छ । यस बर्ष स्थानीय, संघ र प्रादेशिक चुनावको माहोलमा भोटिंग मेसिन, मतदाता शिक्षा, सामाजिक संजालको प्रयोग, फ्री वाइफाई र इन्टरनेटको घोषणापत्र आदिको चर्चा देखिन्छ ।

सरकारका तर्फबाट डिजिटाईजेसन र डिजिटलाइजेसनको पहल पछाडी डिजिटल साक्षरता, सुशासन, बिकास र सम्वृद्धिको आशय प्रमुख देखिन्छ । जसमा आर्थिक डिजिटल सुशासनबारे अझ धेरै पहल भएको देखिन्छ । डिजिटलाइजेसनको पहल स्थानीय, प्रादेशिक र संघीय तहसम्म फैलिदै गएको समेत छ । मिडियाले पनि सरकारी पहललाई प्रमुखताका साथ् उठाएको मिडिया अध्ययनबाट हामीले पायौं । मिडियाले डिजिटल सुशासनको उठान गर्दा आर्थिक चलखेल, सरकारी क्षमता माथि प्रश्न, अब्यबस्थित प्रणालीको जानकारी दिने काम गरेको छ । यद्यपी यस्ता पहलहरुमा जनसमुदाय त्यसमा पनि बिपन्न, महिला, सिमान्तकृत, लैंगिक तथा यौनिक विविधता र अपाङ्गता भएको समुदायहरुलाई केन्द्रमा राखी नीति तथा कार्यक्रम नबनाइनु जसका कारण यी समुदायमा पर्न सक्ने र परेका असरहरुमा भने मिडिया लगायत सम्बन्धित पक्षको ध्यान खासै गएको देखिदैन । सरकाले अघि सारेको कार्यक्रमहरु नागरिक र समुदाय तहमा छलफल नगरी लागु गर्दा यस्ता कार्यक्रमहरु कसका लागि किन ल्याइन्छ भन्ने प्रश्नका साथै जनताको प्रतिरोध र कार्य असफलताको समेत सामना गरिरहेको छ ।

हाम्रो अभिव्यक्ति अधिकार

बर्ष २०२२मा सरकारले अघि सारेको सामाजिक संजाललाई करको दायरामा लाउने आर्थिक नीति तथा कार्यक्रम, प्रेस काउन्सिललाई अनलाइन मिडिया नियमन गर्न मिल्ने आदेशले प्रेस स्वतन्त्रतासंगै हाम्रो अभिव्यक्तिको अधिकारलाई पनि नियमन र नियन्त्रण गर्ने देखिन्छ । हाम्रो संचार माध्यममा राज्यको नियन्त्रण हुने गरेको कुरा सरोकारवालाले महसुस गरेकै तथ्य हो । निर्वाचनको बेला उकेरा न्युज सर्भरमा अनधिकृत प्रवेश गरि राष्ट्रिय स्वतन्त्र पार्टीका नेताबारे एक समाचार डिलिट गरिएको र मुलधारका एक नेताको छोराको उम्मेदवारी माथि प्रश्न गर्दै लेखिएको सेतोपाटिको एक समाचार हटाउन निर्देशन दिइएको खबरले पनि नेपालमा प्रेश र अभिव्यक्ति स्वतन्त्रता अझै बलियो हुन सकेको छैन भन्ने जनाउँछ । त्यस्तै निर्वाचन मिडिया अनुगमन संयन्त्र सहितको 'प्रेस अफिस स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७९'ले निर्वाचन आयोगले सोसल मिडियाको अनुगमन गर्दै निर्वाचन वरपरका नागरिक अभिव्यक्तिलाई पनि निगरानीमा राख्ने प्रयास गरेको थियो । जसमा आयोगले सेना प्रहरी परिचालन गर्ने समेत प्रयास गर्यो । आयोगले निर्वाचनका उम्मेद्वारहरुमाथि लाञ्छना पूर्ण अभिव्यक्ति र अभियान संचालन गरेको दावी गर्दै "नो नट अगेन" अभियानको पेजलाई बन्द गर्नु पनि नागरिकको अभिव्यक्ति स्वतन्त्रता निषेध गर्ने कार्य थियो । यसका साथै सत्ता र शक्तिमा रहेका उम्मेदवार र नेतालाई चुनावी आचारसंहितामा बाध्नु भन्दा बढी नागरिक अभिव्यक्तिको निगरानी र निषेध गर्ने काम निन्दनीय नै छ ।



त्यसै गरी कमेडियन अपूर्व क्षितिज सिंहको पक्राउलाई लिएर पनि अभिव्यक्ति स्वतन्त्रताको बहस अझ फराकिलो र पेचिलो भएको हामीले पायौं । हरेक व्यक्तिको अभिव्यक्ति अधिकार संबिधान र कानुनले नै सुनिश्चित गरेको अवस्थामा कसैको पनि अभिव्यक्ति अपराधीकरण गर्नु न्यायपूर्ण र लोकतान्त्रिक समाजको लागि राम्रो होइन । त्यसो भनिराख्दा चाहे त्यो कुनै सोसल मिडिया पोस्ट या कला मार्फत नै किन नहोस् हाम्रा अभिव्यक्तिहरु सिमान्तकृत समुदाय प्रति संबेदनशील हुनु भने जरुरी छ । किनकि समाजमा महिलाद्वेष, जातीय उत्पीडन, यौनिक तथा सिमान्तकृतहरु माथिको भेदभाव अझै कायम नै छ र त्यस्तो अभिव्यक्तिले उत्पीडित बर्गहरु अझै उत्पीडन र दमनमा नपरुन् या परेको महसुस नगरुन् र त्यस्तो अभिव्यक्तिले उत्पीडनको भाष्यहरु बलियो बनाउने या पुनरुत्पादन गर्ने काम नहोस भनेर सबैले बिचार गर्नु आवश्यक छ । उत्पीडनको भाष्य कसरी पुनरुत्पादन हुन्छ भन्ने बुझ्नको लागि बलात्कार आरोपितलाई पक्षपोषण गर्ने खालका यस्ता गीतहरु सार्वजनिक भएको कुरालाई उदाहरणको रुपमा लिन सकिन्छ । जुन अभिव्यक्ति स्वतन्त्रताको नाममा अर्को बिडम्बना पनि हो ।

त्यस्तै गरि राष्ट्रिय परिचय पत्रका लागि फोटो खिचाउदा पालन गर्नु पर्ने मापदण्डहरु बारे पनि सामाजिक संजालमा बाक्लै बहस भयो । सरकारी नीति नियमको आधारमा व्यक्तिको निजि र यौनिक अभिव्यक्तिमाथि निषेध गरिएको यो पहिलो घटना भने होइन । "पापाकी परी" नामक तीज गीतमा एक महिला कलाकारले पेटिकोट लाएर नाचेको र आफ्नो सुहागरातको परिकल्पना गरेको गीतको शब्द "अश्लील" भएको ठहर्याई सृजनात्मक टोलीमाथि कारबाही प्रयास गरियो जुन कलात्मक यौनिक अभिव्यक्तिमाथि कै बन्देज थियो । त्यस्तै समाजमा "अश्लीलता" फैलाएको भन्दै एक युटूबरलाई पक्राउ र कारबाही गरेको घटनाले पनि हाम्रो कानुनमा समेत अभिव्यक्ति र यौनिक अभिव्यक्तिलाई अपराधीकरण गरिएको कुरा स्पष्ट गर्छ । यहाँ पक्राउ परेका युट्युबरले युवाहरु माझ उनीहरुको अनुमति लिएर नै यौन र नीजि जीवनका प्रश्नहरु सोध्ने गरेको र मनोरंजन प्रदान गर्दै आएको पाउन सक्छौं । जुन पितृसत्तात्मक चरित्र भएको राज्य, कानुन र समाजलाई पाच्य नभएको कारण कथित अश्लीलताको नाममा उनको र संलग्न युवाहरुको अभिव्यक्तिलाई निषेध गरिएको पाउन सकिन्छ ।

अर्को तर्फ एक युवासमुहले टिकटकमार्फत देशको सामाजिक, आर्थिक, सांस्कृतिक लगायत विभिन्न क्षेत्रमा असर गरेकोले उक्त एपलाई निषेध गर्न प्रदेश प्रमुख र मुख्यमन्त्रिलाई ज्ञापन पत्र बुझाएको खबर आयो । उनीहरुका अनुसार टिकटकले दिन दिनै अश्लीलता र अभद्रता फैलाईरहेको हुनाले यसलाई प्रतिवन्ध गर्नु पर्ने माग थियो जुन सरासर व्यक्तिको यौनिक र समग्र अभिव्यक्तिमाथिको प्रतिवन्धको प्रयास हो भनेर सम्बन्धित पक्षले नबुझेको देकिन्छ । टिकटक लगायत कुनै पनि सामाजिक संजाल प्रतिवन्द गरेर सामाजिक बिकृति घट्दैन बरु यस्तो कामबाट व्यक्तिले आफ्नो हिसाबले सामाजिक संजालमा आफ्नो विचार र अभिव्यक्ति पोख्ने र पद अनि शक्तिमा रहेकालाई खुलेआम प्रश्न गर्ने शक्ति भने गुमाउछ ।

गोपनीयताको गफ

संविधान र गोपनीयता सम्बन्धि कानुनमा गोपनीयताको अधिकार सुनिश्चित भएसंगै सरकार र तिनका निकायहरु नागरिकको गोपनीयताका लागि संबेदनशील हुने अपेक्षा राखिन्छ । तर नेपाली मिडियामा प्रकाशित सरकारी वेब पोर्टल असुरक्षित शिर्षकको समाचारले यसमा केहि संशय अवश्य निम्त्याउछ । त्यसमाथि डिजिटल नेपाल फ्रेमवर्क अन्तर्गत सबै सेवा सुबिधा डिजिटाईज र डिजिटलाइज गर्ने प्रयास गरिरहेको सरकारले आफुले संकलन गरेको नागरिकको सूचना र तथ्यांक जस्तै राष्ट्रिय परिचय पत्र, सुचना इत्यादिको सुरक्षा र गोपनीयता कायम राख्ने कुरालाई प्रश्न गर्नु आवश्यक छ । यहाँनिर सरकारले आफ्नो वेबसाइटलाई बलियो र सुरक्षित बनाउने मात्र होइन नागरिकका कम भन्दा कम सूचना संकलन, भण्डारण र अपलोड गर्ने नीति लिनु जरुरी छ ।

चुनावी माहोलमा पार्टी र तिनका उम्मेदवारबाट नागरिकको व्यक्तिगत मोबाइल नम्बरमा म्यासेज, भ्वाइस् कल गरि भोट माग्ने काम भएसंगै यसले मतदाता र नागरिकको गोपनीयताको कानुन र हक समेत हनन भएको छ । यसै सन्धर्भमा निर्वाचन आयोगको आफ्नो वेबसाइटमा मतदाताको गोप्य र संबेदनशील सुचना जस्तै नाम, ठेगाना, मतदान केन्द्र इत्यादि नागरिकहरुको सुसूचित अनुमति बिना प्रकाशित गरियो । जुन मतदाताहरुको गोपनीयता र उनीहरुको भोटलाई समेत प्रभाव पार्ने गतिविधि थियो । अन्य देशहरुमा मतदातालाई प्रभावित पार्नका लागि पार्टी र उम्मेदवारहरुले सामाजिक संजाल मार्फत व्यक्ति बिशेष राजनीतिक बिज्ञापनहरु सम्प्रेषण गर्ने गरेको उदाहरणहरु प्रशस्तै छन् ।



हाम्रो देशमा पनि पार्टीहरुले मोबाइलमा म्यासेज गर्नु त्यस्तै अभ्यास भएको मात्र सकिन्छ र निर्वाचन आयोग जस्ता सरकारी पक्षबाट व्यक्तिगत सूचना बाहिरिन सक्ने सम्भावना समेत छ । यसै सन्धर्भमा बडी एण्ड डाटा लगायत नागरिक समाजको पहलमा निर्वाचन आयोग समक्ष मतदाताको गोपनीयता सुनिश्चित हुनुपर्ने र वेबसाइटमा भएको सूचनामा सार्वजनिक पहुँचको सट्टा सम्बन्धित व्यक्तिले मात्र पहुँच राख्न मिल्ने माग सहितको ज्ञापन पत्र बुझाउने काम भयो । प्रतिक्रियामा त्यस्ता सूचना सार्वजनिक हुनुपर्ने कानुन भएको र जो कसैले पनि त्यस्तो सुचना मागेको खण्डमा आयोगले दिनुपर्ने र कानुन परिवर्तन नभई केहि गर्ने नसकिने जानकारी प्राप्त भयो । यसबाट पनि कानुन र राज्यका निकायसंगै गोपनीयताको बिषय त्यति संबेदनशील तरिकाले लिएको देखिंदैन । यद्यपी गोपनीयताको बिषय शक्ति र सत्ताका नजिक रहेकाहरु माथि यदाकदा प्रश्न गर्ने संगै उनीहरुको कर्तुत बचाउ र अपराध आरोपित प्रतिको सहानुभूतिको बिषय भने बन्ने गरेको छ ।

गोपनीयताको गफ गर्दा नेपाल सरकारले राष्ट्रिय सुरक्षालाई बलियो बनाउने नाउँमा, नागरिक र 'अवाञ्छित गतिविधिहरु गर्न नदिने' गरी सिमान्तकृत समुदायलाई निगरानीमा राख्ने गरेको पनि हामीले ख्याल गर्नुपर्छ । जसमा सिमान्तकृत समुदायको गोपनीयता संगै उनीहरुको धार्मिक, राजनीतिक अभिव्यक्ति स्वतन्त्रतामा पनि यस्ता निगरानीले असर गरेको छ ।

यसका अलावा, सरकारबाट जारी सबैखाले कानुन जस्तै 'नेपाल विशेष सेवाको गठन र सञ्चालन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक', तथ्यांक ऐन र सरकारी सुबिधाहरु जस्तै ई सिम, निस्क्रिय सिमको पुनर्वितरण र प्रयोग, राष्ट्रिय परिचयपत्रको छपाई , इम्बोसड नम्बर प्लेट , ई हाजिरी, अनलाईन सरकारी सेवा, डिजिटल भुक्तानी, नागरिक एप इत्यादि सरकारी निगरानी रहित र गोपनीयताको ग्यारेन्टी सहित हुनु पर्ने पहल र बहस भने यदा कदा भए पनि प्रभावकारी तरिकाले अझै हुन सकेको छैन । झनै सरकार, नीजि क्षेत्र र सरोकारवालाको डिजिटल नेपाल निर्माणको अवधारणा भनेकै सके सम्म धेरै डाटा संकलन गर्नु र सरकारी - सरोकारवाला निकायबीच समन्वय र बिकासका कार्यका लागी ति डाटा नागरिकमाथि पर्न सक्ने हानीलाई वेवास्ता गरी एक अर्कालाई सेयरिंग गर्नु हो भन्ने छ । जुन बिकासको नाममा सतही बुझाइ मात्र हो ।

प्रविधिमा आधारित /अनलाइन हिंसा

अनलाइनमा हुने हिंसा र साइबर अपराध सम्बन्धी समाचारहरुले सन् २०२२ मा पनि प्रसस्त स्थान पाएको देखिन्छ । यसको मतलब समाजमा अनलाइन हिंसा ब्याप्त छ । यस्ता कति हिंसाहरु रिपोर्टिंग मै न आउने कुरा पनि हामीले बिर्सिनु भने हुदैन । जसको मुख्य पीडित भनेको महिला र बालबच्चा नै हुने गरेको छ । यसमा थप भन्नु पर्दा दलित, जनजाति, लैंगिक तथा यौनिकताका आधारमा सिमान्तकृत र अभियन्ताहरु पनि यी मुद्वाहरुमा बोलेकै भरमा अनलाइन हिँसा पीडित हुने गरेको हामी पाउन सक्छौं । एक अध्ययनले महिला पत्रकारमाथि हुने अनलाइन हिँसा पनि कति व्यापक र जटिल छ भन्ने उजागर गरेको छ । यसको मूल कारण भनेको हाम्रो विद्यमान सामाजिक सांस्कृतिक शक्ति संरचना नै हो । जसमा महिला र बच्चाहरुको स्वायत्तता र एजेन्सी स्वीकार नगर्ने र उनीहरुलाई दमन गरि राख्ने प्रवृत्ति छ । महिलाहरुले काला चस्मा भन्ने गीतमा हुक स्टेप च्यालेन्ज गरे पछी आएको पितृसत्तात्मक र स्त्रीद्वेशी कमेन्टहरुले पनि यो कुरा अझै प्रमाणित गर्छ । त्यस्तै जसले जसरी पनि उनीहरुलाई उपयोग र प्रहार गर्न सक्ने या गर्न खोज्ने हुँदा उनीहरुलाई समाज र घर परिवारमा बिशेषत पुरुषहरुले संरक्षण गरेर राख्नु पर्ने भाष्य पनि जबर्जस्त छ । जुन उनीहरुको स्वतन्त्रता र हिँसारहित बाँच्न पाउने अधिकारको लागि हानिकारक छ ।



सोसल मिडियामा हिँसा भोग्नेहरुको जमात जति छ त्यसैलाई प्रयोग गरेर आफूमाथि भएको हिँसा र आफ्नो पीडकलाई सार्वजनिक गर्ने कामहरु पनि हुदै आएको हामी पाउछौं । टिकटक मार्फत आफुलाई बिगतमा भएको यौन हिँसाको घटना सार्वजनिक गर्दा सामाजिक संजालको नियम (कम्युनिटी गाइडलाइन) मिचेको बहानामा एक सर्भाइभरको टिकटक भिडियो सुरुमा हटाईएको पनि थियो । सोसल मिडियाबाट हुने यस्तो प्रकृतिको सेन्सरशिप/कन्टेन्ट मोडरेसन महिला या सिमान्तकृत समुदायको अभिव्यक्ति स्वतन्त्रताको बाधक त हो नै संगसंगै यसले सोसल मिडियाहरुको महिला तथा सिमान्तकृतहरुको मुद्दाहरु प्रतिको उदासिनता पनि देखाउछ । जुन सामाजिक शक्ति संरचना र सोसल मिडिया कम्पनिको संचालकमा कस्तो बैचारिकी र बर्गीय, लैंगिक इत्यादी जमातको बर्चस्व छ भन्नेमा पनि भर पर्छ भनि हामीले हेक्का राख्न सक्छौं ।

यौनहिँसा बिरुद्दको प्रतिक्रियामा महिला र सरोकारवालाहरु पक्षले संगठित तरिकाबाट अफलाइन र अनलाईन मार्फत् प्रतिकार र खबरदारी गर्दै रहे जसले कानुनी सुधारको बहसलाई पनि प्रोत्साहन गर्यो । बहसका बीच पीडितको गोपनीयता को ख्याल गर्नु पर्ने आवाज र सरोकारवालाको पहल पनि सामुन्ने आयो । जुन सकारात्मक र आवश्यक पनि छ । तर कडा प्रतिकार र आवाजका बाबजुद पनि शक्ति र सत्तासंग नजिक पीडकहरुमा यी प्रतिकारको केहि असर नगर्ने तथ्य अर्को बिडम्बना हो । त्यसकारण पनि कानुनी सुधार र कारबाही गरेर मात्र समग्र हिँसाको स्वरुप बदलिदैन । बरु सामाजिक संरचनाको पुनर्निर्माण र शक्तिको पुर्नवितरण गर्नु अपरिहार्य छ जसले महिला र सिमान्तकृतमाथि हुने संरचनात्मक हिँसा र दमन रोक्न सघाउ पुर्याउनेछ ।

अनलाइनमा सिमान्तकृतका मुद्धाहरु

यो बर्ष मिडियामा महिला र सिमान्तकृत बिशेष गरि अपांगता भएका व्यक्तिहरु माथि भएको हिँसा र यौन हिँसा, यौनिक तथा लैंगिक बिबिधता भएका व्यक्तिहरुको समुदायको सवाल, मधेशको नागरिकता सम्बोधन जस्ता बिबिध सिमान्तकृतका सवालहरुमाथि टिप्पणी र समाचारहरु समेत छापिएको हामी पाउन सक्छौ । सोसल र अनलाइन मिडिया मार्फत दलित र सिमान्तकृत समुदायका व्यक्तिहरुको नागरिकतामा अपमानजनक थरको बिषय उठे पछी जिल्ला प्रशासन कार्यालय त्यसलाई सच्याउन बाध्य भएको समाचार यो बर्ष उल्लेखनीय रह्यो । तर थर सच्चिए संगै त्यसले के सदियौ देखि समुदायमाथि भएको दमनलाई ठिक गर्छ त भन्ने प्रश्न अझै कायम नै छ । यहि बहसमा थप राष्ट्रिय परिचयपत्र वितरण गर्दा जाति बिशेष अपमानजनक थर सच्याउनु पर्ने माग पनि उठेको कुरा सकरात्मक छ ।

सामाजिक संजाल हाम्रो बास्तविक समाज भन्दा अलग छैन र यहाँ महिला, दलित, सिमान्तकृतमाथिको दमन, हिँसा व्यापक तरिकाले सम्प्रेषण हुने कुरा पारलैंगिक र मधेशी महिलामाथि बच्चा चोरीको आरोप लगाई कुटपिट र आक्रमण गरेको घटनाबाट समेत पुष्टि हुन्छ । अर्कोतर्फ समाज मनुवादी र जातीगत हिसाबले दमनकारी छ जसमा दलित महिलामाथि हुने यौन हिँसाले खासै महत्व नपाउने कुरा पनि उल्लेखनीय हुन आउछ ।

यधपी मिडियामा आउने खबरहरु कस्तो नजरियामा कुन भाषामा र कसलाई केन्द्रमा राखेर लेखिन्छन् या सम्प्रेषण गरिन्छन् भन्ने बिषयले पनि महत्व राख्छ । इन्टरनेट र डिजिटल पक्षबारे बहस गरिराख्दा इन्टरनेट एकदमै डरलाग्दो र डिप्रेशनको बिकराल कारण भएको अध्ययन निस्कर्ष जस्तो एक पक्षीय भाष्य मात्र नभई यो कतिको लागि विभिन्न आनन्द र अवसरको थलो पनि हो भन्ने कुरा बलियोसंग आउन आवश्यक छ । मिडियाले समाजमा भएका बर्गीय उपेक्षा, सक्षमतावादी सोच, लैंगिक असमानता र विभेदका प्रमाणहरु खोतल्ने काम भने अझै जारी राख्नुपर्छ ।

निष्कर्ष

बडी एण्ड डाटाले यस समीक्षात्मक प्रतिवेदन मार्फत् नेपाली परिवेशमा प्रविधी र मानव अधिकार/डिजिटल अधिकारको अवस्था कस्तो छ भन्ने मापन र चर्चा परिचर्चाको प्रयास गर्दै गर्दा नेपाली मिडियामार्फत डिजिटल अधिकार सम्बन्धि हामीले पाएको मुख्य प्रवृत्ति र निष्कर्ष निम्न छन् :

- सरकार र नीजि क्षेत्रको पहलमा सबै क्षेत्रलाई इन्टरनेट र प्रविधिसंग जोडी डिजिटलाइजमार्फत नै बिकासको परिकल्पना गरिएको देखिन्छ तर त्यस्तो पहलमा महिला तथा सिमान्तकृत समुदायमा पर्न सक्ने प्रभाव या असरहरु भने ध्यान दिइएको पाइन्दैन । भौतिक बिकासमा जसरी महिला र सिमान्तकृत समुदायको वास्ता गरिदैन र उनीहरु छुट्न पुगी प्रभावित बन्ने गर्छन्, त्यसरी नै डिजिटलाइजेसनको बिकाश क्रममा पनि यहि नियति दोहोरिएको भेटिन्छ ।

- डिजिटलाइजेसन प्रक्रियामा नीजि क्षेत्रको धेरै नै सक्रियता देखिन्छ । बिशेष गरी बैंकिंग कारोबार, ब्यापारका लागि विभिन्न एप, सफ्टवेयर निर्माणका पहल र नीतिगत छलफलमा समेत शक्तिको नजिक रही काम भई रहेको देखिन्छ । यस खालको संलग्नता सरकारलाई बिकाशका लागि सघाउने देखिए पनि अन्ततः नाफामुलक रहेको भने बुझ्नु पर्ने हुन्छ ।

- सरकार, नीजि क्षेत्र र समाज आफैमा पनि डिजिटल अधिकारहरु जस्तै अभिव्यक्ति स्वतन्त्रता, अनलाइन गोपनीयता, हिँसा रहित बाँच्न पाउने हकको चेतनाको कमि या बेवास्था देखिन्छ । जसले गर्दा महिला र सिमान्तकृत समुदायमा यसको ज्यादा असर र हानी परिरहेको छ ।

- इन्टरनेट र सामाजिक संजाल कै कारण समाजमा अपराध, यौन हिँसा या डिप्रेसन बढेको भन्ने सतही भाष्यको बिगबिगी देखिन्छ जसलाई मिडियाले पनि उत्पादन र पुनरुत्पादन गरेको छ जुन एकतर्फी र हाम्रो डिजिटल अधिकारको प्रयोगलाई खतरामा पार्ने खालको हुन सक्छ ।

- महिला र सिमान्तकृतको पक्षमा सकारात्मक शिर्षक सहितका उल्लेखनीय रिपोर्टिंगहरु भएको हामीले पायौं । बिशेषगरी महिला पत्रकारहरुको संलग्नता र प्रयास यसमा राम्रो देखिन्छ । यधपी महिला र सिमान्तकृत समुदायको यौनिक अभिव्यक्ति र शरीरलाई कथित अश्लीलताको संज्ञा दिंदै बिशेष गरी अनलाइन हिंसा सम्बन्धित समाचारहरु लेखिनुले भने पुनः पितृसत्तात्मक सोचलाई नै बढावा दिनुका साथै हाम्रो अभिव्यक्ति र अधिकार कटौती हुने खतरा भने रही नै रहेको छ ।

अनुसूची

अनुगमन गरिएको मिडियाहरु

न्युज् २४,नेपाल लाईव,राजधानी,नागरिक दैनिक,हिमालखबर, ईमेजखबर, अन्लाईन खबर,फरकधार, नयाँपेज, बि.बि.सि. न्युज् नेपाल, नेपालीटाईम्स, विकासन्युज्, न्युज् ओफ नेपाल, नेपालपाना, लोकान्तर, अर्थ-डबली, सेतोपटी, सौराहा अन्लाईन, मकालुखबर, हाम्रा कुरा, कारोबार डेली, घटना र विचार, अन्नपूर्ण पोस्ट, फाईनेनसीअल नोटिसेस, काठमाडौँ प्रेस, बीजमान्डु, शिलापत्र, स्मार्ट पालिका, आर्थिकन्युज्, कोशीअन्लाईन, केन्द्रबिन्दु, उज्यालोअन्लाईन, अर्थ सरोकार, बेंककिंग खबर, नयाँपत्रिका, थाहाखबर, नेपालीपैसा, देशसञ्चार, हिमालखबर, १२खरी, पहिलोपोस्ट, राईजिंग नेपाल, माई रिपब्लिका

अध्ययन विधी

यस प्रतिवेदन मार्फत् सन् २०२१ को वर्षभरी नेपाली परिवेशमा डिजिटल अधिकारको अवस्था कस्तो रह्यो भनी विश्लेषण गरेका छौ । जसमा मुख्य अनलाईन मिडियामा प्रकाशित डिजिटल माध्यम, इन्टरनेट, प्रविधी इत्यादीसँग सम्बन्धित समाचार तथा बिचार विमर्शहरुको अनुगमन, संकलन, अध्ययन र विश्लेषण गर्यौं । जम्मा ६०७ संख्यामा संकलित समाचारहरुलाई विगतमा त्रैमासिक संक्षिप्त प्रतिवेदनहरु पनि प्रकाशन र संप्रेषण गर्यौं । यस वार्षिक मिडिया अनुगमन प्रतिवेदनमा तीनै त्रैमासिक र समग्र अनुगमनबाट आएको विश्लेषणलाई उल्लिखित मुद्वाहरुमा विभाजित गरी प्रस्तुत गरेका छौं । यद्यपी यस अनुगमन र प्रतिवेदन लेखनमा समाचारको संख्या भन्दा त्यसले उठाएको बिषयलाई गुणात्मक बिधिबाट विश्लेषण गरेका छौं ।

नोट : यस अनुगमन प्रतिवेदन हाम्रो एक्लै संस्थागत पहलबाट भएको हो । यधपि भुलचुकको सम्भावनालाई स्वीकार गर्दै केहि सुझाव वा प्रतिक्रिया भए communication@bodyanddata.org मार्फत इमेलमा सम्पर्कका लागी आग्रह गर्दछौं ।

धन्यवाद !